# बूढानीलकण्ठ स्कुल तथा साझेदारी कार्यक्रमअन्तर्गतको

# छात्रवृत्ति परीक्षासम्बन्धी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत बूढानीलकण्ठ स्कुल, काठमाडौं तथा साझेदारी कार्यक्रममा सहभागी विद्यालयहरूमा कक्षा ५ देखि आवासीय रूपमा निःशुल्क वा सहुलियत शुल्कमा अध्ययनका लागि विपन्न समुदायका जेहेनदार बालबालिकाहरूमध्येबाट छात्रवृत्तिमा छनोटका लागि तपसिल बमोजिमको सूचना प्रकाशित गरिएको छ ।

**१. छनोटका आधार :** वि.सं. २०७२/०१/०१ गतेदेखि २०७३/१२/३१ गतेसम्म जन्म भई कम्तीमा कक्षा ३ र कक्षा ४ मा अभिभावकको बसोबास भएको जिल्ला वा छिमेकी जिल्लाको सामुदायिक विद्यालयमा नियमित रूपमा अध्ययन गरी शैक्षिक सत्र २०८२ मा कक्षा ४ अध्ययन पूरा गरेका छात्र-छात्रामध्ये भौगोलिक क्षेत्र तथा लक्षित समुदायसमेतको प्रतिनिधित्व हुने गरी लिखित प्रतियोगितात्मक परीक्षाको नतिजाको योग्यताक्रमका आधारमा अन्तर्वार्ताबाट विद्यार्थी छनोट गरिने छ ।

**२. फाराम बुझाउने मिति र समय : २०८२ चैत्र २७ गते शुक्रबार, दिउँसो १:०० देखि ४:०० बजेसम्म तथा**
**२०८२ चैत्र २८ गते शनिबार, बिहान ८:०० बजे देखि १०:०० बजेसम्म**

दरखास्त फाराम bnks.edu.np वा cehrd.gov.np वा moest.gov.np वा बाट डाउनलोड गरी रीतपूर्वक भरेर दरखास्त फाराममा तोकिएबमोजिम सिफारिस तथा प्रमाणित गराई आवश्यक कागजातसहित आफ्नो जिल्लालाई तोकिएका परीक्षा केन्द्रमा बुझाउनुपर्ने छ । दरखास्त फाराम स्थानीय निकायको शिक्षा कार्यालयबाट पनि प्राप्त गर्न सकिने छ ।

**३. लिखित परीक्षा मिति र समय : २०८२ चैत्र २८ गते शनिबार, बिहान ११:०० बजे ।**

**४. पाठ्यक्रम :** कक्षा ४ को पाठ्यक्रमले अपेक्षा गरेको सिकाइ सक्षमता आधारमा सामाजिक, गणित, नेपाली, विज्ञान र अङ्ग्रेजी विषय क्षेत्रमा आधारित ०८/०८ अङ्कका वस्तुगत तथा १२/१२ अङ्कका विषयगत गरी जम्मा १०० पूर्णाङ्कका प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । परीक्षाको समय २ घण्टाको हुने छ । उत्तीर्णाङ्क ३५ हुने छ ।

**५. बूढानीलकण्ठ स्कुलका निमित्त खुला तथा आरक्षण सिटको सङ्ख्या : ४२ (५०% छात्रा रहने)**

(क) खुला र आरक्षणतर्फ गरी एक जिल्लाबाट एकजनाभन्दा बढी नहुने गरी ४० जना विद्यार्थी छनोट गरिने छ ।
(ख) आरक्षण सिट : लोपोन्मुख -२, दलित -४, मुस्लिम -१, मधेसी- ४, जनजाति - ५ र पिछडिएको क्षेत्र-२
(ग) विद्यालय रहेको स्थानीय तह बूढानीलकण्ठ नगरपालिकाभित्रका - २ जना (एक छात्र र एक छात्रा) ।

**६.** साझेदारी कार्यक्रमअन्तर्गतका साझेदारी स्कुलका निमित्त उपलब्ध भएसम्म जिल्ला नदोहोरिने गरी जम्मा ७७ जना विद्यार्थी छनोट गरिनेछ । यसमा आरक्षण (दलित -५, मुस्लिम - २, मधेसी - ६, जनजाति - ९, सहिद तथा द्वन्द्वपीडित परिवारका सन्तति र वैदेशिक रोजगारीको क्रममा मृत्यु भएको परिवारबाट - १ र छात्रा कम्तीमा २६ जना)

**७. साझेदारी कार्यक्रमका सहभागी विद्यालयहरू :**

१. शीतलादेवी माध्यमिक विद्यालय, धनकुटा
२. नवजीवन माध्यमिक विद्यालय, जुटपानी, सर्लाही
३. कुलेश्वर आवास माध्यमिक विद्यालय, कुलेश्वर, काठमाडौं
४. बालमन्दिर माध्यमिक विद्यालय, लुम्ले, कास्की
५. जनता माध्यमिक विद्यालय, पाल्पा
६. वीरेन्द्र विद्यामन्दिर माध्यमिक विद्यालय, टीकापुर, कैलाली

**८. आवेदन दस्तुर :** रु. १००/- (एक सय मात्र) ।

**९. दरखास्त साथ पेस गर्नुपर्ने कागजातहरू :**

(१) तोकिए बमोजिमको दरखास्त फारामका साथ देहायका कागजातहरू पेस गर्नुपर्ने छ :

(क) माग गरिएको विवरण भरी तोकिएबमोजिमका व्यक्ति (सम्बन्धित प्रधानाध्यापक र स्थानीय तहको शिक्षा प्रमुख) बाट प्रमाणित गरिएको दरखास्त फाराम,

(ख) स्थानीय तहले आमा-बाबु/संरक्षकको मासिक आम्दानीसमेत खुलाई दिएको विपन्नताको सिफारिसपत्र,

(ग) स्थानीय पञ्जिकाधिकारीले प्रदान गरेको विद्यार्थीको जन्मदर्ताको प्रमाणपत्र

(घ) स्थानीय तहबाट अभिभावक र विद्यार्थीसँगको नाता खुलाइएको पत्र

(ङ) अभिभावक/संरक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

स्पष्टीकरण : अभिभावक भन्नाले हजुरबुबा, हजुरआमा, बाबु, आमा, दाजु वा दिदीलाई जनाउँछ ।

(च) यदि विद्यार्थीले कक्षा ३ र ४ फरक फरक विद्यालयमा अध्ययन गरेको भए कक्षा ३ अध्ययन गरेको विद्यालयका प्रधानाध्यापकको विद्यार्थीको EMIS No. सहितको विवरण खुलेको सिफारिस

(छ) आरक्षित स्थानमा उम्मेदवार हुन चाहने देहायका समूहका व्यक्तिले दरखास्त साथ देहायबमोजिमको निकायको सिफारिसपत्र :

अ) जनजातिको हकमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

आ) दलितको हकमा राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

इ) मधेसी समुदायको हकमा मधेसी आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

ई) मुस्लिम समुदायको हकमा मुस्लिम आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

उ) बेपत्ता पारिएका व्यक्ति वा सहिद परिवार तथा घाइते वा निजको सन्तति (छोरा-छोरी) को हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

ऊ) पिछडिएको दुर्गम क्षेत्रका हकमा सम्बन्धित स्थानीय तहबाट हालसम्म सोही स्थानमा स्थायी बसोबास रहेको र निज विद्यार्थीले कक्षा ३ र ४ सामुदायिक विद्यालयमा अध्ययन गरेको भनी खुलाइएको ।

(२) तोकिएको परीक्षा केन्द्रमा निर्धारित दिनहरुमा सम्बन्धित अभिभावकले परीक्षा सञ्चालन टोलीसमक्ष दरखास्त फाराम तथा आवश्यक कागजातहरू पेस गर्नुपर्ने छ ।

**१०. दरखास्त फाराम भर्दा ध्यान दिनुपर्ने कुराहरू :**

(१) रीतपूर्वक नभरिएको फाराम स्वतः रद्ध हुने छ ।

(२) जिल्लालाई तोकिएका केन्द्रहरूबाहेक अन्य केन्द्रबाट परीक्षा दिन पाइने छैन । जिल्ला भन्नाले विद्यार्थी कक्षा ४ मा अध्ययन गरिरहेको सामुदायिक विद्यालय रहेको जिल्ला सम्झनु पर्छ ।

(३) सम्बन्धित अभिभावकको एक सन्तान बूढानीलकण्ठ स्कुलमा अध्ययनरत भएमा निजको अर्को सन्तानलाई बूढानीलकण्ठ स्कुलको हकमा छात्रवृत्ति प्रदान गरिने छैन ।

(४) मासिक रु. ५०,०००।- (पचास हजार) वा सो भन्दा बढी आय हुने अभिभावक वा नेपाल सरकारको उपसचिव वा सो सरह र सोभन्दा माथिको पदमा कार्यरत कर्मचारीका छोरा छोरी छात्रवृत्ति छनोट परीक्षामा सहभागी हुन सक्ने छैनन् ।

(५) नेपाल सरकारका राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका राष्ट्रसेवक, शिक्षक तथा कर्मचारी (संस्थान समेत) लगायतका छोराछोरी सबै आधारबाट छनोट भएमा मासिक शुल्कमा ५० प्रतिशत सहुलियत दिइने छ । राजपत्र अनङ्कित राष्ट्रसेवक वा सो सरह र सोभन्दा मुनिका राष्ट्रसेवक, शिक्षक, कर्मचारी (संस्थानका सहित) का छोराछोरीका हकमा मासिक शुल्कमा ७० प्रतिशत सहुलियत दिइने छ ।

**११. परीक्षा केन्द्रहरू :**

| क.सं. | परीक्षा केन्द्र हुने जिल्ला | परीक्षा केन्द्रमा सहभागी हुन पाउने जिल्लाहरू |
|---|---|---|
| १. | इलाम इजुकेसन फाउन्डेसन, इलाम न.पा., इलाम | ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा । |
| २. | जनता मा.वि., इटहरी, सुनसरी | भोजपुर, तेह्रथुम, धनकुटा, मोरङ, सुनसरी, उदयपुर र झापा । |
| ३. | मनकामना रत्न अम्बिका मा.वि.तुम्लिङ्गटार, सङ्खुवासभा | धनकुटा, भोजपुर, तेह्रथुम र सङ्खुवासभा । |
| ४. | जनजागृति मा.वि., सल्लेरी, सोलुखुम्बु | सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र भोजपुर । |
| ५. | पब्लिक विन्देश्वरी मा.वि.,राजविराज, सप्तरी | उदयपुर, सप्तरी र सिराहा । |
| ६. | याज्ञवल्क्य संस्कृत मा.वि., ज्ञानकूप, जनकपुर, धनुषा | धनुषा, महोत्तरी, सर्लाही, सिरहा र रौतहट । |
| ७. | नेपाल राष्ट्रिय मा.वि, सिमरा, बारा | रौतहट, बारा, पर्सा, चितवन र मकवानपुर । |
| ८. | जनज्योति मा.वि., गोलन्जोर, खुर्कोट, सिन्धुली | सिन्धुली, रामेछाप, दोलखा र काभ्रेपलान्चोक र सिन्धुपाल्चोक । |
| ९. | बूढानीलकण्ठ स्कूल, काठमाडौं | काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ्ग, नुवाकोट, मकवनपुर, दोलखा, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक । |
| १०. | रसुवा मा. वि, .धुन्चे, रसुवा | नुवाकोट, रसुवा र सिन्धुपाल्चोक । |
| ११. | पवित्रा मा.वि., नाहाला, डुम्रे, तनहुँ | चितवन, तनहुँ, गोरखा, लमजुङ्ग, कास्की र स्याङ्गजा । |
| १२ | लोकप्रिय मा.वि.,चामे, मनाङ | लमजुङ, गोरखा र मनाङ । |
| १३. | नारायण मा.वि., कुस्मा, पर्वत | पर्वत, म्याग्दी, बागलुङ, कास्की |
| १४. | कान्ति मा.वि., बुटवल, रूपन्देही | नवलपरासी सुस्ता पूर्व, नवलपरासी सुस्ता पश्चिम, पाल्पा, स्याङ्गजा, कपिलवस्तु, गुल्मी र रूपन्देही । |
| १५. | जनहित मा.वि., जोमसोम, मुस्ताङ | मुस्ताङ र म्याग्दी । |
| १६. | युवावर्ष जनता रविचित्र मा.वि., सन्धिखर्क, अर्घाखाँची | गुल्मी, पाल्पा, अर्घाखाँची र स्याङ्गजा । |
| १७. | अमर मा.वि., भिङ्ग्री, प्युठान | सल्यान, दाङ्ग, प्युठान र रोल्पा । |
| १८. | त्रिभुवन जनता मा.वि., छिप्रिदह, सिस्ने, रुकुमकोट, रुकुम पूर्व | रुकुम पूर्व, रुकुम पश्चिम, बागलुङ, रोल्पा, डोल्पा र म्याग्दी |
| १९. | सरस्वती मा.वि., नेपालगन्ज, बाँके | बाँके, बर्दिया, दाङ्ग, हुम्ला, जुम्ला, डोल्पा र मुगु । |
| २०. | नेपाल राष्ट्रिय मा.वि., वीरेन्द्रनगर, सुर्खेत | सुर्खेत, सल्यान, दैलेख, अछाम, जाजरकोट, हुम्ला, जुम्ला, डोल्पा र मुगु । |
| २१. | पन्चदेव मा.वि., मान्म, कालीकोट | कालिकोट, हुम्ला,जुम्ला, मुगु, अछाम र जाजरकोट । |
| २२. | दुर्गालक्ष्मी मा.वि, अत्तरिया, कैलाली | कैलाली, कञ्चनपुर, डोटी |
| २३. | महेन्द्र नमुना मा.वि., खलङ्गा, डडेलधुरा | डडेल्धुरा, बैतडी, बझाङ, अछाम र डोटी । |
| २४. | जनप्रकाश मा.वि., कोल्टी, बाजुरा | बाजुरा, मुगु, बझाङ, हुम्ला र अछाम । |
| २५. | गोकुलेश्वर मा.वि., दार्चुला | बैतडी र दार्चुला । |

**पुनश्च : थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र मो.नं ९७४९३२७४७६ मा सम्पर्क गर्न सकिने छ ।**

**(२०८२ चैत्र १ गतेको गोरखापत्र दैनिकमा प्रकाशित)**